जि.प्र.का.काठमाडौं.द.नं. १९५-०६७/६८
म.क्षे.हु.का.द.नं. ५/०७२/०७३
ISSN No. 2467-9208

बालसिर्जना मासिक

वर्ष ९, अंक ८, पूर्णाङ्क १०४, २०७६ माघ

**सल्लाहकारः**
प्रा. मुकुन्दशरण उपाध्याय
प्रा. गोपीकृष्ण शर्मा, मोदनाथ प्रश्रित
पुष्पराज पराजुली, अर्जुनबन्धु रेग्मी,
प्रद्युम्न कार्की, महेन्द्रराज वाग्ले
विजय घिमिरे, रोमन पुरी

**प्रकाशक/सम्पादक**
दीनदयाल रेग्मी
९८५११५६३४४

**प्रबन्ध निर्देशक**
प्रमिला पोखेल

**प्रबन्धक**
कमलप्रसाद डुम्रे

**सह सम्पादक**
शेषनाथ पौडेल, प्रेमनारायण भुसाल
माधव नेपाल, डा.नेत्रलाल भण्डारी

**अतिथि सम्पादक**
कृष्ण प्रसाद ज्ञवाली
दीपेन्द्र विक्रम सिजापती
दीपक सुवेदी, श्यामप्रसाद ढुङ्गाना

**प्रबन्ध सम्पादक**
सीता कोइराला (एनु)

**कानूनी सल्लाहकार**
अशोक कुमार 'रेशम', विष्णु लुइटेल

**चित्र तथा कला सम्पादक**
उमेशचन्द्र अधिकारी

**लेआउट डिजाइन**
किशोर महर्जन

**बजार व्यवस्थापक**
सूर्य प्रसाद रेग्मी, अम्बिका कुँवर

**मुद्रण**
सगुन प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि.
बानेश्वर, काठमाडौं
mediamessage2@gmail.com,

## सम्पादकीय....................................

# नैतिकता विहीन शिक्षाको के औचित्य !

भाइबहिनीहरू! शिक्षा भनेको ज्ञान हो। जुन ज्ञान दैनिक जीवनमा प्रयोग गरिन्छ। त्यसरी दैनिक जीवनमा प्रयोग गरिने ज्ञान देखावटी मात्रै भयो भने त्यसको के अर्थ हुन्छ र ? पछिल्लो समय शिक्षाको अर्थ केवल स्कूल र कलेजमा दिइने औपचारिक शिक्षासँग मात्र जोडिएको छ। यो सरासर गलत हो। मानिसले आफ्नो जीवनलाई सही मार्गमा डोऱ्याउनका लागि चाहिने साधन शिक्षा हो त्यो शिक्षा केवल औपचारिक मात्र हुनु भनेको प्राण विहीन शरीर उभिनु जस्तै हो । निष्प्राण शरीर जस्तो कागजी शिक्षालाई मात्र अँगाल्न खोज्दा हामी कमजोर भैरहेका छौं। भाइबहिनीहरू! आधुनिक शिक्षाका नाम भएका गतिविधिले मान्छेलाई केवल यन्त्र बनाउने काम गरेको छ । संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज आदि सबै छोडेर विद्यालय वा कलेजको पोशाक कस्तो छ, भवन कस्तो छ, कति वटा बस छन् ? भन्ने कुरामा निर्भर हुने शिक्षाले भोलि कस्तो जनशक्ति तयार हुन्छ होला ? कितावको पाठ घोकेर प्राप्त गरेको विशिष्ट श्रेणीले मान्छेलाई कुन तहमा पुऱ्याउला भन्ने प्रश्न महत्त्वपूर्ण छ। समाज, घर-परिवार इष्टमित्र आदिको कुनै वास्ता नै नगर्ने परम्परासँग पछिल्लो पुस्ता अभ्यस्त हुँदै गएको छ। भाइबहिनीहरू ! हामी बालबालिकालाई भविष्यका कर्णाधार भन्छौं तर कर्णाधारको अर्थ केवल शैक्षिक प्रमाणपत्र मात्र हो भन्ने बुझाइमा हामी छौं । चारित्रिक र नैतिक प्रमाणपत्रलाई साथमा राख्न सकिएन भने शैक्षिक प्रमाणपत्रले केही काम गर्दैन । त्यसैले नैतिकता विहिन शिक्षाको केही औचित्य छैन ।

ठेगानाः बालसिर्जना मासिक, अनामनगर, काठमाडौं फोन/फ्याक्सः ०१-४४२५१५२ पो.ब.नं.२३४६६ E-mail: balsirjana@gmail.com, mediamessage2@gmail.com, मूल्य ५०, वार्षिक मूल्य ५००/-, दुई वर्षका लागि १,०००/- आजीवन सदस्य २१००/- रहने छ।


मौनता कहिले काहीँ बोलीभन्दा सुखदायी हुन्छ। महात्मा गान्धी

# सरस्वती पूजा : अक्षरारम्भको चाड

यस वर्षको सरस्वती पूजा विद्यालय र कलेजहरूमा भव्य रुपमा सम्पन्न भएको छ २०७६ माघ १६ गते का दिन ललितपुरको कुमारीपाटीस्थित ओमेगा उच्च मा.वि को प्राङ्गणमा सरस्वती पूजाको भव्य समारोहदेखिन्थ्यो कलेजका प्रिन्सिपल खगराज घिमिरेको संयोजकत्वमा सम्पूर्ण शिक्षक, कर्मचारी र विद्यार्थीहरुले कलेजको गेटमै रहेको सरस्वतीको प्रतिमामा वैदिक विधिविधान पूर्वक पूजाआजा गरि प्रसाद ग्रहण गरेका थिए काठमाडौंको बानेश्वरमा रहेको डेनेव एकेडेमी, स्प्रिङ बर्ड प्रिस्कूल, नोवल एकेडेमी, अनामनगरमा रहेको अक्सिडेन्टल पब्लिक स्कूल लगायतका धैरै विद्यालयहरुमा सरस्वती पूजाको आयोजना गरिएको देखिन्थ्यो धैरैजसो स्कूलहरुले त यो श्रीपञ्चमीको दिनलाई उपयोग गर्दै अक्षरारम्भ गर्ने विद्यार्थीहरुका लागि निःशुल्क भर्नाको व्यवस्था समेत गरेका थिए आफ्ना अक्षरारम्भ गराउने नानी,बाबुहरुलाई बोकेर अभिभावकहरु आफूलाई पायक पर्ने विद्यालयहरुमा हिडिरहेको देखिन्थ्यो पहिला पहिला घरमै अक्षरारम्भ गराउने चलन भएपनि पछिल्लो समयमा विद्यालयहरुले दिएका सुविधाहरु उपयोग गर्दै विद्यालयमा धैरै बालबालिकाहरुका बीचमा अक्षरारम्भ गराउने प्रचलन बढ्दै गएको छ



**पाठक वृन्द** !

बालसिर्जना मासिक पत्रिका बारेमा केही गुनासो भएमा हाम्रो इमेल ठेगानामा वा मोवाइलमा सम्पर्क गरी जानकारी गराउनु हुन अनुरोध गर्दछौं। यसमा समावेश भएका सामग्रीका बारेमा, पत्रिका समयमा प्राप्त नभएमा पनि हामीलाई सम्पर्क गरी जानकारी गराउन सक्नुहुन्छ। हाम्रो पत्रिका हेर्न र पढ्नका लागि balsirjana.com भित्र गएर इपेजमा क्लिक गर्नुपर्छ। **-सम्पादक**

# साहित्यकार : छायादत्त न्यौपाने



साहित्यकार छायादत्त न्यौपानेको जन्म पर्वत जिल्लामा भएको हो । न्यौपानेले काठमाडौंको भृकुटीमण्डपमा रहेको रत्नराज्य लक्ष्मी क्याम्पसमा नेपाली भाषा साहित्यको प्राध्यापन गर्दछन् । तीन दशकदेखि नेपाली भाषा साहित्यको सेवामा समर्पित न्यौपानेले बालसाहित्यमा कलम चलाएको लामो समय भैसकेको छ । छायादत्त न्यौपानेले वि.सं २०५३ सालदेखि पुस्तक प्रकाशन आरम्भ गरेका हुन् । यिनी प्राध्यापक, लेखक, सम्पादक, अतिथि सम्पादक, निर्देशक, सल्लाहकार जस्ता अनेक क्षेत्रका कार्यमा समर्पित भएका व्यक्ति हुन् । पछिल्लो समय उनी अक्षर धाम प्रकाशन प्रा.लि. मार्फत् बालसाहित्यको सेवामा पूर्ण रूपमा तल्लीन छन् । विद्यालय तहका पाठ्यक्रम देखि उच्च शिक्षाका लागि आवश्यक पर्ने अनुसन्धानमूलक लेख रचना र पुस्तकको लेखन तथा सम्पादन पनि गरेका छन् । न्यौपानेले सिर्जना गर्ने बालसाहित्यका कृतिमा सरलताको उत्कृष्ट रूप फेला पर्छ । सामान्य विषयवस्तुलाई असाध्यै मनमोहक बनाएर प्रस्तुत गर्न सक्ने क्षमता न्यौपानेमा छ । ग्रामीण जनजीवनका रोचक विषयलाई न्यौपानेले आफ्नो सिर्जनामा स्थान दिन्छन् । वि.सं २०४२ सालमा हाम्रो झण्डा शीर्षकको निबन्ध छपाएर प्रकाशनमा पाइला राखेका न्यौपानेले बालसाहित्यमा कथा, कविता, गीत, उपन्यास, नाटक, निबन्ध, जीवनीलगायतका विधामा ३ दर्जनभन्दा बढी कृति प्रकाशन गरिसकेका छन् । सामाजिक र सांस्कृतिक विषयवस्तुलाई नवीन र आधुनिक शैलीमा प्रस्तुत गर्ने उनको शैलीलाई पाठकले असाध्यै मन पराउँछन् । उनले लेखेका कदर नभएपछि, बादलका रेसाहरू, खल्तीका कुरा चल्तीका सूत्र, भाषा : सिकाइ, सिप र सिर्जना, टुर्रटुर्र कराउँछ, केरै केरा, बाँसै बाँस, जस्ता कृति प्रकाशित छन् र ती कृति पाठकका बीचमा प्रसिद्ध पनि छन् । उनले लेखेका कृतिमा देशको माया, प्रकृतिको माया, मानवीय प्रेमले भरिपूर्ण हुने अवसर पाएका हुन्छन् । छायादत्त न्यौपाने बालमनोविज्ञानलाई बुझेर बालमैत्रीपूर्ण भाषामा सशक्त ढंगले भावनाको तिब्र प्रवाह भएका सर्जन हुन् भन्नु साँच्चै उपयुक्त हुन्छ ।

# विद्यार्थी

समीक्षा बि.क.
कक्षा : ७
श्री धारा माध्यमिक विद्यालय,
काठेखोला, तंग्राम, बागलुङ

कोपिला हौं फूलका अझै
फूल बनी सुवास दिउँला
अज्ञानी छौं विद्यार्थी अझै
ज्ञान सिकी महान बनौंला ।।

स्कूल आउँछौं ज्ञान सिप सिक्नलाई
आफ्नो क्षमता प्रदर्शन गर्नलाई
देशकै लागि मर्न र बाँच्नलाई
देशलाई उज्यालो तर्फ लाग्नलाई ।।



रहेछ शिक्षा आँखाको ज्योति
पढ्छौं विद्यार्थी गर्छौं प्रगति
उमेर हाम्रो पढ्ने र खेल्ने
ज्ञान सिकी अगाडि बढ्ने ।।

गुरुजनको आज्ञालाई मान्ने छौं
आमा बाबाको आशालाई मेट्दैनौं
अघि बढी आफ्नो नाम फैलाउँछौं
महान् व्यक्ति बनेर देखाउँछौं ।।

# मेरो देश


नारायण खत्री,
कक्षा ९
काठेखोला, तंग्राम, बागलुङ

मेरो देशमा छ वीरहरुको रगत
सबैभन्दा प्यारो मेरो जगत
कही अग्लो त कही होचो ठाउँ
नेपाल हो मेरो देशको नाउँ ।।

सबैभन्दा प्यारो मेरो देश
सयथरी भाषा, सयथरी भेष
धेरै छ यहाँ पर्यटकीय ठाउँ
प्रत्येक शहर प्रत्येक  गाउँ ।।

सबै मिलाउँछन् हातमा हात
अप्ठ्यारोमा दिन्छन् सबैले साथ
यहँ छ सगरमाथाको छायाँ
लाग्छ मलाई मेरै देशको माया ।।

नेपालको गर्छन् सबैले मान
सगरमाथाले बढाइदियो अझ यसको सान
बुद्धको हो यो जन्मभूमि
विर्सने छैन मैले जुनी जुनी ।।



# चोर र राक्षस

*हरि खनाल*

कुनै गाउँमा एकजना ब्राह्मण थिए । उनको घरमा गाई पालिएका थिए । गाईका केही सुन्दर बाछाबाछीहरू थिए । केही बाछाहरू असाध्यै लोभलाग्दा थिए ।

एक साँझ एउटा चोर ती ब्राह्मणको सबैभन्दा राम्रो बाछो चोर्न भनेर हिड्यो । जूनको उज्यालोमा ऊ विस्तारै विस्तारै ब्रह्माण्डको घरतिर जाँदै थियो बाटोमा अर्को अनौठो जीव भेटियो । मुखमा दाह्रा र हातमा लामा नङ भएको त्यो जीव मानिसजस्तै थियो ।



"ए तँ कहाँ जाँदैछस् हँ?" त्यस जीवले चोरलाई सोध्यो । जीवको प्र्शन सुनेर चोरको हिम्मत नै टुट्यो । ऊ डरायो र आफ्नो ध्येय खोल्यो ।

"हो, म त्यो पर गाउँको ब्रह्माण्डको बाछो चोर्न हिडेको हुँ, बरु तपाइँ को हुनुहुन्छ कुन्नि ?" म आज त्यो ब्राह्मणलाई खान जादैछु" जीवले भन्यो एउटै घरमा जाने लक्ष्य भएकाले दुवैजना सँगसँगै ब्राह्मणको घरतिर हिडे ब्राह्मणको घरमा पुगेपछि उनीहरू दुईको बीचमा वादविवाद सुरु भयो । चोर पहिले बाछो फुकाएर हिड्न चाहन्थ्यो भने राक्षस पहिले ब्राह्मणलाई खान चाहन्थ्यो ।

"म पहिले ब्राह्मणलाई खान्छु, उसलाई खाएपछि तँ ढुक्क भइ बाछो

लिएर जा” राषसले जिद्दी गर्‍यो ।

“होइन, तिमी ब्राह्मणलाई खान खोज्दा अरुहरूले थाहा पाउन सकछन्, त्यतिबेला अरू मानिस उठे भने मैले बाछो फुकाएर भाग्ने समय नै हुँदैन, त्यसकारण म बाछो फुकाएर केही पर पुगिसकेपछि तिमी ब्राह्मणलाई खाऊ” चोरले राक्षसलाई आग्रह गर्‍यो ।

“तैले भनेर हुनछ ? जब तँ बाछो फुकाउन थाल्छस् तब यहाँ आवाज आउन सक्छ । आवाज सुनेर ब्राह्मण बिउँझिन पनि सक्छ। ऊ बिउँझियो भने मैले उसलाई खान सक्दिनँ । मेरो धोको नै पुगदैन । त्यसकारण सबैभन्दा पहिले म ब्राह्मणलाई नै खान्छ। त्यसपछि तँ बाछो फुकाएर जा”

यसरी राक्षस र चोरको बीचमा ठूलो वादविवाद हुन थाल्यो । रिसारिसमा परेपछि चोरले ठूलो स्वर गर्दै भन्यो, “ए ब्राह्मण बाजे ! यो राक्षस तपाईलाई खान आएको छ” । राक्षस पनि के कम ? ऊ पनि ठूलो स्वर निकालेर चिच्यायो, “यो चोर तपाइँको बाछो चोर्न आएको छ”

दुवैको चर्को स्वरले गर्दा ब्राह्मण बिउँझिए। उनले ठूलो स्वरले परिवारका मानिसलाई पनि उठाए। सबैजना हल्लीखल्ली गर्दै उठेपछि राक्षस र चोर दुवै त्यहाँबाट भागे ।

शिक्षा : दुष्टहरूको कलह, सज्जनलाई फाइदा ।



# अर्थ

५०९९ जोग
कक्षा : ८
बूढानीलकण्ठ स्कूल, काठमाडौं

महलभित्र बस्नेलाई
बसीबसी खानेलाई
दुःखको अर्थ के थाहा
ऐस आराममा जिउनेलाई

घुस लिई रम्नेलाई
देशको बजेट खानेलाई
देशभक्तिको अर्थ के थाहा
देश बेची खानेलाई

लाचार भै डुल्नेलाई
हरेश खाइ जिउनेलाई
जिन्दगीको अर्थ के थाहा
आफ्नै घाँटी झुण्ड्याउनेलाई

सम्मान इज्जत नगर्नेलाई
माया प्रेम नबुझ्नेलाई
आमा बुबाको अर्थ के थाहा
बृद्धाश्रममा राख्नेलाई

अल्छी बनी हिँड्नलाई
केही नगरी बस्नेलाई
सफलताका अर्थ के थाहा
भोलि भनी टार्नेलाई



## नेपालका केही राजमार्गहरू

| सडकको नाम | लम्बाइ (की.मी.) | सुरु स्थान | अन्तिम स्थान |
|---|---|---|---|
| पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) | १०२७.६७ | काँकडभिट्टा, झापा | गड्डाचौकी, कञ्चनपुर |
| त्रिभुवन राजपथ | १५९.६६ | त्रिपुरेश्वर, काठमाडौं | सिर्सिया, पर्सा |
| अरनिको राजमार्ग | ११२.८३ | माइतीघर, काठमाडौं | कोदारी, सिन्धुपाल्चोक |
| सिद्धार्थ राजमार्ग | १४६.९४ | बेलिहय, रुपन्देही | पृथ्वीचोक, कास्की |
| पृथ्वी राजमार्ग | १७३.४३ | नौबिसे, धादिङ | पृथ्वीचोक, कास्की |
| कर्णाली राजमार्ग | २३३ | बांगे सिमल, सुर्खेत | जुम्ला खलंगा, जुम्ला |
| वि.पी.मार्ग | १५८ | बर्दिबास, महोत्तरी | धुलिखेल, काभ्रे |
| पासाङल्हामु मार्ग | ११७.१० | काठमाडौं | धुन्चे, रसुवा |
| सगरमाथा राजमार्ग | १७८.९७ | कदमाहचोक, सप्तरी | दिक्तेल, खोटाङ |
| राप्ती राजमार्ग | १६८.६८ | अलिमिया, दाङ | खौलापा, रुकुम |
| महाकाली राजमार्ग | ४१५.१५ | मोहनापुल, कैलाली | टिकरपास, दार्चुला |
| मध्यपहाडी राजमार्ग (पुष्पलाल राजमार्ग) | १७७६ | चियो भञ्ज्याङ, पाँचथर | झुलाघाट, बैतडी |
| नारायणघाट मुग्लिङ राजमार्ग | ३६.१६ | नारायणघाट, चितवन | मुग्लिङ, चितवन |
| धुलिखेल सिन्धुली भित्तामोड राजमार्ग | २०८.८८ | वर्खेखोला, काभ्रेपलाञ्चोक | भित्तामोड, महोत्तरी |
| मेची राजमार्ग | ३९१.०६ | केचना, मेची | घरिला, ताप्लेजुङ |
| कोशी राजमार्ग | १११.४६ | रानी, मोरङ | हिले, धनकुट्टा |
| रत्न राजमार्ग | ११३.०८ | जमुनिया, बाँके | बांगे सिमल, सुर्खेत |
| सेती राजमार्ग | ६५.९६ | स्याउले बजार, डडेलधुरा | सिलगढी, डोटी |


# बालबालिकालाई पढ्न पठाऔं
# उनीहरूको भविष्यलाई सुनिश्चित बनाऔं ।



## नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## सूचना तथा प्रसारण विभाग





देख्दै नदेखेको अर्को लोकमा सुख पाइन्छ भन्ने कामना गर्नु व्यर्थ हो। –गौतम बुद्ध


Name-Aakash
Shakya
Class-VI (Six)
School-Omega


# पैरवीका कविता

मुक्तिनाथ शर्मा नेउपाने

पैरवी विद्यालय जाँदा बस सम्म पुऱ्याउने काम हजुरआमाले गर्नुहुन्थ्यो । साँझ विद्यालयबाट फर्कदा पनि हजुर आमा नै लिन जानुहुन्थ्यो । उहाँ बस रोकिनुभन्दा पहिले नै त्यहाँ पुगेको हुनुहुन्थ्यो । पैरवी बसबाट निस्कना साथ च्याप्प समाउन पुग्नुहुन्थ्यो । पैरवी सारै सारै खुसी भएर दङ्ग पर्थिन् । हजुरआमासँग रमाइ रमाइ घर पुग्न पाउँथिन् भाग्यमानी पैरवी ।

घर पुगेपछि विद्यालय पोसाक खोलेर हात मुख धुन्थिन्, अर्को नाना लगाएर खाजा खान्थिन् । त्यसपछि विद्यालयले दिएका गृहकार्य सक्थिन । गृहकार्य सकेपछि हजुरआमाको अनुमति लिएर एक छिन खेल्थिन अनि पुनः हजुरआमासँग टास्सिन पुग्थिन् । यतिबेला पैरवी विद्यालयमा दिउसो भए गरेका कुरा भन्थिन हजुरआमासँग । साथै पढाउँदा गुरुहरूले गरेका कुरा भन्थिन । साथी साथीका बिच भएका कुरा पनि सुनाउँथिन् । कुरा गर्दै गर्दा हजुरआमा केही काम गर्दै भएको अवस्था छ भने काममा सगाउथिन् पनि । उनको यस्तो बानी उनकी हजुरआमालाई मन पर्थ्यो । हजुरआमा मुसुक्क मुस्काएको हेरेर पैरवी दङ्ग पर्थिन् ।

पैरवी चार पाँच घण्टा विद्यालयमा हुँदा बाहेक अरु समय हजुरआमासँगै हुन्थिन् । हजुर आमासँगै खाना खान्थिन् सुत्दा पनि हजुरआमाकै कोठामा



एउटै बिस्तरामा टाँस्सिएरै सुत्न मन पराउँथिन् पैरवी। यसको एउटा बिशेष कारण थियो। त्यो भनेको कथा हो । हजुरआमाले उनलाई गाला हात गोडा सबै मुस्मुस्याउनु पर्थ्यो र मिठा कथा पनि सुनाइदिन पर्थ्यो। बल्ल निदाउँथिन् पैरवी । राती सुत्दा हजुरआमा कुनै काम बिशेषले कतै जान परेमा जानु भएको थाहा पाइन् भने आत्तिन्थिन्। हजुरआमा हुर्तुराउँदै आइपुग्नु हुन्थ्यो । यसरी हजुरआमाकी पियारी नातिनी भएर आएकी थिइन् पैरवी।

हजुरआमालाई पनि नातिनी आँखा अगाडि नहुँदा रमाइलो लाग्दैनथ्यो । नातिनी आफ्ना अघि पछि अल्झाउँदै हिडेको समेत मनपर्थ्यो । काखमा टाँस्सिएको अझै मनपराउनु हुन्थ्यो । कुनै बिषयमा निउ झिकेर पिरलेको अथवा घुर्क्याएको पनि सहजै सहनुहुन्थ्यो । पैरवीको चञ्चले हाँसो युक्त बोली हजुरआमालाई र हजुरआमाको मुस्कान नातिनीलाई मन पर्ने बिषय बनेका थिए । यी हजुरआमा र नातिनीको मेलमिलाप देखेर पैरवीका बाआमा तथा हजुरबा रमाउने गरेको बुझेकी थिइन् पैरवीले।

एकदिन पैरवीलाई ल्याउन हजुरआमा बस बिसाउनीसम्मै पुगेर पर्खदै हुनुहुन्थ्यो सदा झैं। पैरवी बसबाट झरिन्। आज पैरवी सधैं झैं प्रसन्न देखिइनन्। गम्भीर जस्तै अथवा कुनै कुराको अभावले आत्तिएकी हुन् कि जस्तो मान्नु भो हजुरआमाले। तर त्यहाँ कुनै कुरा भएन । नातिनीसँगै घरमा पुगेपछि हजुरआमाले कारण सोध्नु भो।

त्यो दिन विद्यालयमा साहित्यिक कार्यक्रम रहेछ । पैरवीका कक्षाका साथीहरूले र माथिल्लो कक्षा तथा तल्लो कक्षाका साथीले समेत भाग लिएछन्। पैरवीले केही तयार गरेर गएकी थिइनन् । उनलाई हिनताबोध भयो । त्यसैकारण पैरवीको मन खिन्नभको रहेछ । हजुरआमाले बुझ्नुभयो । कुरा बुझेपछि हजुरआमाले भन्नुभयो " ल भैगो जे भयो भयो । अर्को पटकबाट तिमी अरुका भन्दा राम्रा र महत्त्वपूर्ण कविता वाचन गर्नेछौ । म तिमीलाई सिकाउँछु। "

पैरवीको मन फुरुक्क भएपछि हजुरआमाले फेरि भन्नुभयो "अबदेखि हरेक दिन तिमीले एउटा कविता वा कथा लेख्ने छौ । यसका लागि तिमीले आफ्नु समयलाई भाग लगाएर एकभाग साहित्यलाई पनि दिन पर्नेछ। त्यो साहित्यलाई भनेको समयमा कहिले कविता कहिले कथा नाटक वा अन्य केही लेख्नै गर्न


पर्नेछ। बिषय जतातततै पाइन्छन्। यसरि निरन्तर लेख्न थाल्यौ भने दश दिनमा दशओटा कविता वा कथा हुन्छन्। बीस दिनमा बिस हुन्छन्। एक बर्षमा तीनसय पैस्ठठ्ठी ओटा हुन्छन्। आधा राम्रा नहोलान् आधा त राम्रा हुन्छन् हुन्छन्। अव हेर त कति होलान् कविता वा अन्य सामग्री। के बिषय लेख्ने भन्ने चिन्ता पनि हुँदैन। बिषय हाम्रा अगाडि नै हुन्छन्। यसो गऱ्यौ भने बानी पर्दै जान्छ। तिमी सफल साहित्यकार हुन्छौ। अनि के को चिन्ता ?"

पैरवीले कुरा बुझिन्। हरेक साँझको पन्ध्र मिनेट समय छुट्याइन् साहित्य साधनालाई। पहिलो दिनमौरी (Bee) को कविता बनाएर हजुरआमालाई देखाइन्। कविता निकै राम्रो लाग्यो हजुरआमालाई। स्यावासी दिनुभयो। यसरि हरेक दिन केही न केही लेख्दै हजुरआमालाई देखाउने गर्न थालिन् पैरवीले। हजुरआमाले संकलन गर्दै जानुभो।

पैरवीको नवौं शुभजन्मोत्सव थियो। घरमा मिठा मिठा खानेकुरा तयार गरिदै थियो। धेरै पाहुना बोलाइएको र आउने क्रमजारी थियो। केक काट्ने बन्दोबस्त एकातिर थियो भने एकातिर बत्ती बाल्न तयार पारिएको थियो। हजुरबा, हजुरआमा, बाआमा, काका, काकी, मामा, माइजु अन्य इष्टमित्रले घर भरिभराउ थियो। सबैका हातहातमा उपहारका प्याकेट थिए। हजुरआमा भने चुपचाप हुनुहुन्थ्यो। उहाँका हातमा कुनै उपहारको पोको वा प्याकेट थिएन। सबैले दिने तर हजुरआमाले नदिने किनभयो भनेर पैरवीले हजुरआमातिर हेरिन। हजुरआमा जुरुक्क उठ्नु भो। दराज खोल्नु भो र त्यसबाट एउटा प्याकेट निकालेर पैरवीलाइ दिई आशीर्वाद दिएपछि च्याप्प गालामा म्वाइ खानु भो।

पैरवीले प्याकेट खोलेर हेरिन। ओहो त्यो प्याकेटमा त पैरवीले नै लेखेका कविताहरूको सग्रह पुस्तक पो रहेछ। सानु चिटिक्कको। त्यसमा उनको फोटोसमेत थियो। उनी साह्रै रमाइन्। हजुरआमालाई धन्यवाद भन्दै काखमा टाँकस्सिइन् र धन्यधन्य भइन्। हजुर आमाले अर्को प्याकेट अगाडि राखिदिनु भो। त्यो उनैका पुस्तकहरूको प्याकेट थियो। पुस्तक झिकेर सबै पाहुनालाई बाँड्न भनियो। पैरवीले त्यसै गरिन्। उपस्थित सबैले बधाइ दिए। पैरवीलाई यो उपहार सारै सारै सारै मन पऱ्यो।

**भूतकाल**



एक अधवैंशे उमेरकी शिक्षिकाले विद्यार्थीलाई सोधिन् - म सुन्दर छु, यो कुन काल हो ?

विद्यार्थी : भूतकाल मिस ! एक विद्यार्थीले जवाफ दिइन् ।

**रङ जान्छ कि जाँदैन**

हरिले नयाँ रङ्गित टिभी किनेछ, ल्याएकै दिनमा उसले टिभीलाई पानीमा डुबाएछ ।

यो देखेर सुमनले सोधेछ : पानीमा किन डुबाएको हरि ?

हरि : पसलेले रङ्गिन टिभी त हो भन्यो तर फेरी रङ गयो भने त बर्बाद हुन्छ । त्यसैले रङ जान्छ कि जाँदैन भनेर  परीक्षण गरेको नि ।



**फुर्सद मिलेन**

माग्ने बुढाले हतार हतार साइकल डोऱ्याएर हिँडेको देखेर धनेले सोधेछ :

धने : ए माग्ने बुढो ! किन साइकल डोऱ्याएर हिँडेको ?

माग्ने बुढो : किन हुनु नि तेरा बाजे ! १० बजिसक्यो हाकिमले गाली गर्ला भनेर दौडेको नि !

हेर न साइकल चढ्ने फुर्सद पनि भएन भन्या ।

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं । गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं । बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं ।



**सिद्धार्थ बोर्डिङ स्कूल**

गठ्ठाघर, भक्तपुर

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं । गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं । बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं ।



**Principal**

**Triton International Secondary School**

Tinkune, Kathmandu

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं । गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं । बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं ।



EPS School

Minbhawan, Baneshwor, Kathmandu

# सडक डिभिजन कार्यालय विराटनगरको अनुरोध


- सडक हामी सबैको साझा सम्पत्ति हो । संरक्षण गरौं ।
- सडक सीमाभित्र यातायात आवागमन एवं ट्राफिक सुरक्षामा बाधा हुने र सार्वजनिक हित प्रतिकूल हुने कुन कार्य नगरौं ।
- सडक तथा नालीमा जथाभावी फोहोर नगरौँ ।
- सडकछेउको पेटीमा निर्माण सामाग्रीहरु लगायत अन्य वस्तुहरू नराखौं ।
- राजमार्ग, सहायक राजमार्गमा बालबच्चा र पाल्तु जनावरहरू जथाभावी नछोडौं ।
- सबैले ट्राफिक नियम पालना गरौँ । सडक प्रयोग गर्दा पूर्ण होसियार रही सभ्य रनागरिकको पहिचान दिऔँ ।

**सडक डिभिजन कार्यालय**

विराटनगर, मोरङ

# इटहरी विद्युत् प्राधिकरणको अनुरोध

नेपाल विद्युत प्राधिकरण लोडसेडिङ् न्यूनिकरण गर्दै ग्राहक वर्गहरूमा नियमित विद्युत आपूर्ति हुने गरी आपूर्ति र माग व्यवस्थापन गर्न प्रयासरत छ । बढ्दो चिसो तथा सुख्खायामको कारण नदीहरूमा पानीको वहाव कम हुन गई विद्युत उत्पादनमा कमि हुने भएकोले विद्युतको माग व्यवस्थापनको लागि तपसिल अनुसारको कार्य गरी/गराई देशलाई लोडसेडिङ्ग मुक्त गराउने ने.वि.प्रा.को अभियानमा सहयोग पुऱ्याई दिनुहुन सम्पूर्ण ग्राहक महानुभावहरूमा नेपाल विद्युत प्राधिकरण हार्दिक अनुरोध गर्दछ ।



**नेपाल विद्युत् प्राधिकरण**

इटहरी, सुनसरी

## इटहरी नगरपालिकाको अनुरोध

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोरसमेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकूल असर गर्ने हुनाले यस नगरपालिका क्षेत्रभित्रका कुनै पनि स्थानमा खुल्लारूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ। आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानूनअनुसार कारबाही हुने व्यहोरासमेत अनुरोध गरिन्छ।

**इटहरी नगरपालिका**

इटहरी, सुनसरी

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं। गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं। बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं।



**चरखण्डी विद्या मन्दिर**

गठ्ठाघर, भक्तपुर

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं। गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं। बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं।



**NASA International College**

Tinkune, Kathmandu

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**

१) खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्छ। ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं।

२) झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरू जस्तै ग्यास चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं। विद्युतजन्य उपकरणको प्रयोग नगरौं।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"

उपभोक्ताको जनहितका लागि जारी

**नेपाल आयल निगम लिमिटेड**

विराटनगर, मोरङ

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं। गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं। बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं।



**भुपूसैनिक आवासीय मा.वि**

वालिङ, स्याङ्जा

## सडक डिभिजन कार्यालय विराटनगरको अनुरोध

- सडक हामी सबैको साझा सम्पत्ति हो। संरक्षण गरौं।
- सडक सीमाभित्र यातायात आवागमन एवं ट्राफिक सुरक्षामा बाधा हुने र सार्वजनिक हित प्रतिकूल हुने कुन कार्य नगरौँ।
- सडक तथा नालीमा जथाभावी फोहोर नगरौँ।
- सडकछेउको पेटीमा निर्माण सामाग्रीहरु लगायत अन्य वस्तुहरू नराखौँ।
- राजमार्ग, सहायक राजमार्गमा बालबच्चा र पाल्तु जनावरहरू जथाभावी नछोडौँ।
- सबैले ट्राफिक नियम पालना गरौँ। सडक प्रयोग गर्दा पूर्ण होसियार रही सभ्य रनागरिकको पहिचान दिऔँ।

**सडक डिभिजन कार्यालय**

मीनभवन, काठमाडौं

# कला र जीवन

सुमन अधिकारी
भद्रपुर, झापा

मानव जीवनलाई यथार्थिक रूपमा जिउन कला चाहिन्छ। कला भएको मान्छेलाई कलाकार भनिन्छ। कलाकारले कलाको उपादेयता र उपयोगिताको सदुपयोग गराउने कार्य क्षमताको विस्तार गर्दछ । कला नभएको जीवन नीरस हुन्छ । कलाकारिताले मानव मनमस्तिष्कलाई मात्र हौनय यो जागतिक चराचरलदाई मन्त्रमुग्ध बनाउँछ र लठ्याउँछ। शायद तपाईं भन्नु होस् सरेराले सर्प कसरी लठ्याउँछ ? हो, त्यही कला हो । कला र गला विश्व नियन्ताले खासमा मानवजातिलाई यसको सदुपयोग गर्न उपहारस्वरूप प्रदान गरेका हुन् कि मानवले सहज-स्वाभाविक रूपमा पाएको बपौति हो, म यसै भन्न सक्ने मनस्थितिमा चाहिं छैनँ तर मानिसले सृष्टिको आदिकालदेखि अनन्तकालसम्म कला पाएको छ। त्यसो भए कला के हो छ ? कला जीवनदायिनी शक्ति हो । कलाले मानव जातिलाई एकआसमा सम्बद्ध तुल्याएको छ । त्यही कलाले मानव-मानवका बीच भाइचाराको अभिवृद्धि गराएको छ। विश्व भ्रातृत्वको विकास भएको छ। यही भावनलो आज विश्व एउटा सहज स्वाभाविक विश्वग्रामका रूपमा विकसित भएको छ।

मेरो मनमस्तिष्कमा कला र जीवन एक अर्काको पूरक भएजस्तै लाग्दछ । कलाविनाको जीवन र जङ्गलविनाको वन्यजन्तु तिनको के अस्तित्व ? आफ्नो अस्तित्व जोगाइराख्न मानिसले कलाको विकास गरिरहेको छ । यो यथार्थिक अभिव्यक्ति हो । तर वनस्पतिमा आधारित जीवनयापन गर्ने जीवजन्तुले कुन कला सिकेका छन् र ? तिनै जीवन जन्तुमध्येको एउटा प्राणी मानव जातिले कला सिकेको छ, त्यसको उपयोगिता जानेको छ र आफूलाई कलाकार सावित गराउन जानेको छ र आफूलाई कलाकार सावित गराएको छ। मानव नै कलाकार हो र कलाको भागीदार पनि मानिस नै बनेको छ। त्यही कलामा जीवनदायिनी शक्ति

लुकेका छन् । अनेक पराक्रमीलाई झुकाउने शक्ति र सामर्थ्य पनि सन्निहित छ । कलाका प्रदर्शन शिवको ताण्डव नृत्यमा होस् वा पार्वतीको लास्य नृत्यमा होस् वा भनौं कुवेरको धन सञ्चय गर्ने युक्ति जहाँ जहिले पनि कलाकारिताले चुलिने अवसर पाएको छ । कला नै विश्वको धन हो, तागत हो र क्षमता विस्तारको दक्षताको पारख बनेको छ। त्यसैले भनिन्छ - साहित्य, सङ्गीत र कला नभएको मानिसलाई सीङ र पुच्छर नभएको भाग्यमानी पशु भनिन्छ। आफूलाई पशु भनाउनलाई जोगाउन मानिसले रमेको जीवन नै सार्थक कलाकारिता हो।

युग सापेक्ष ढङ्गले हामी विज्ञान र प्रविधिका युगमा छौं । वैज्ञानकि एवम् प्राविधिकलाई कुन र कस्तो कलाकार भन्ने ? तिनको जीवन पनि सार्थक नै भन्नु पर्दछ तर ती रुखा-सुखा छन् र विज्ञान र प्रविधिका सूत्र रटेर आफूलाई महानताको पगरी गथाउने उद्यतमा देखिन्छन् तापनि तिनीहरू खासमा कलाकार चाहिं होइनन् । गुलाबको फूल र प्लाष्टिकको फूल हेर्दा उस्तै देखिएर शोभा दिए पनि प्लाष्टिकको फूलबाट बासना आउँदैन। बासना आउने नआउने गुणका आधारमा गुलाबको फूल र प्लाष्टिकको फूलमा तात्त्विक भिन्नता छ। वैज्ञानिक एवम् प्राविधिकहरू प्लाष्टिकका फूल हुन्. भने कलाकार, साहित्यिकारहरू गुलाबका फूल हुन् । उनीहरूले वासनामय सौरभ निकालेर आफ्नो जीवन सार्थक पारेका छन्। रसमय जीवनको उपभोग गरेका छन्। जीवनको वास्तविकताको गहिराइमा पुगेर मोती टिपेका छन् । उचाइको धूरो टेकेका छन् र त्यसैले भिन्चीको मोनालिसा विश्वप्रसिद्ध कलाकारितामा परिगणित गरिन्छ। त्यसलाई बेजोड कलाकारिताको नमूना मानिन्छ । त्यसो भए कलाकारिता के हो ? कला र जीवनका बीच के कति साम्यता र वैषम्यता पाइन्छ ? यही चौखटभित्र आबद्ध भएर मैले आफ्नो भावनालाई पोख्ने जमर्को मात्र गरेको हो।

कला आभूषण हो। कलाले मानव जीवनलार्य आनन्दविभोर मात्र गर्ने होइन, त्यसलाई सिंगार्ने काम पनि गर्दछ। कला नभएको जीवन फिका हुन्छ। ताप नभएको आयोजस्तो वा श्रृङ्गार नभएकी रमणी जस्तो । ऊ कलाकार हो, कति आनन्ददायक छ । कलाले विगलित मानव मनमस्तिष्कलाई ताजगी बनाउँछ औं रसमय पाराले जिउन सिकाउँछ। त्यसैले कला नै जीवनको पर्याय बनेको छ। कला जीवन हो,

जीवन कला हो । जीवनलाई सार्थक रूपमा भोग्न र जीवनको गहिराइमा पुग्न हिसाब र विज्ञानका सूत्रले होइन, कलाले सिकाउँछ। कलामा के र कस्तो शक्ति लुकेको छ ? जसले विश्व मानवलाई एकीकृत गर्न सक्छ । डर, त्रास र धम्कीले एकछिन गोलबद्ध गरे पनि राजनीतिक शक्तिका आडमा विश्व थर्काए पनि ती क्षणिक छन् । जो शक्तिमा आउँछ पून्य हुन्छ, म कसैको नाम लिन्नँ तर तापनि कलाकारसँग न तोप-गोला-बन्दूक वा बारुद नै छ हैकम केही छैन तर तिनीहरूसँग त्यस्तो शक्ति र सामर्थ्य छ, तिनले आफ्नो गलाबाट विमुग्ध पारेर सबैलाई लठ्याउँछन्, आफ्नो पार्छन् र आफ्नो जवनलाई सफलीभूत पारी जीवन सार्थक पार्छन् । यही जादूमय शक्तिलाई कला भन्नुपर्छ । कलाले रूखमा फलेका अम्बा कसरी खान सकिन्छ ? सिकाउँछ । म बालकलाई बढी कलाकार ठान्छु । बालकमा के असीम शक्तिले के को हुन्छ जस्तै निष्ठुरलाई पनि पगाल्न सक्छ, हो, त्यही हो कलाकारिता । व्याकरणकारले नियम सिकाउँछ, वैज्ञानिक सत्यका आधारमा हिंड्न अह्राउँछ तर कलाकारले सहज-स्वभाविक रूपमा बाँच्न सिकाउँछ । यसैले कलाकारिताको अम्बा र व्याकरणकारका अम्बाका स्वादमा भिन्नता पाइन्छ । कलाकारको अम्बामा रसमय जीवनशक्ति लुकेको छ । व्याकरणकारको अम्बा टर्रो हर्रो खाएजस्तो बेस्वादको हुन्छ । कलाकारिताले पाकेको स्वादिलो रसिलो अम्बा खान सिकाउँछ । बालको तोतेबोलीमा जीवनशक्ति लुकेजस्तो कलाकारको जीवनमा पनि जीवनशक्ति छ । यही वास्तविक जीवन

## फोबिया

| | |
|---|---|
| बिब्लियोफोबिया | पुस्तकदेखि लाग्ने डर |
| काइनोफोबिया | कुकुरदेखि लाग्ने डर |
| हाइड्रोफोबिया | पानीदेखि लाग्ने डर |
| पेडोफोबिया | केटाकेटीदेखि लाग्ने डर |
| साइकोफोबिया | छायाँदेखि लाग्ने डर |

# सोच

**राजेश थापा**

**तनहुँ**

कलम समाएँ, भावना खोतल्ने प्रयत्न गरें, विचार शून्य भएकोले कुन विषयमा लेखौं द्विविधामा परें । त्यसैल अझैं गहिरिएर सोच्दै छु । अझ विचार आएको छैन । विचारविहीन अवस्थामा विचार पोख्न साह्रै गाह्रो हुँदो रहेछ, त्यसको वास्तविकता आजै मलाई बोध भयो । मैले भन्ने गर्थे 'अमूक व्यक्ति भावनाहीन विचार शून्य छ ।' मलाई पनि यस हालतमा उसले भेट्टाएमा वा मेरो हविगत उसलाई अवगत भएमा पक्कै पनि बदलाको भाव राख्ने थियो ।

साँच्चै हो, विचार सहज रूपमा प्रकट हुँदैन, त्यसलाई अनेक तरहले दोहन गर्नुपर्छ, दोहन गर्ने कला चाहिन्छ । कलाविहीन दोहन व्यर्थ ठहरिन्छ । त्यसैले अर्थपूर्ण र सार्थक विचारको खाँचो चाहिन्छ । एक जना मूर्ध्यन्य व्यक्तित्वको कथन उद्धरण गर्न अनुमति चाहन्छु । त्यो कथन हो- 'नारी तिमी गर्भधानपश्चात् जन्म दिन्छ्यौ तर म विना गर्भधान साहित्य सृजना गर्दछु ।' हो, कुनै पन साहित्यकारले विना गर्भधान साहित्य सृजना गर्नुपर्दछ । यो कति आफैंमा जटिल कुरा हो । भनिन्छ, चिन्तनशील साहित्यकार तालुखुइले हुन्छन् रे तर मेरो तालु हरिलो-भरिलो छ वा यसो भनौं मेरो तालुबाट एउटा पनि रौं झरेको छैन । तर, तापनि मैले तीन दर्जन जति विविध विधाका साहित्यिक कृति दिइसकेको छु । मलाई वास्तविक अर्थमा चिन्तनशील व्यक्तिका दर्जामा राखे त्यो अवश्यमेव उचित नै ठहरिएला तर आज यस घडीमा म चिन्तन गर्न असमर्थ भएको वास्तविक एवम् यथार्थ पनि हो । त्यसो भए म कसरी चिन्तनशील व्यक्तित्व भएँ त जो सोच्नै सक्दैन ।

हिजोमात्र एउटा व्यक्तिले अनौठो स्वरूप देखाएर हक्क-न-बक्क पारिदियो । त्यो कस्तो मान्छे हो जो अनौठो रूपाकृति देखाएर मानिसहरूलाई अचम्मित तुल्याउँछ । यस घटनाको वास्तविकता छिचल्न नसके पनि मलाई खुल्दुली लागिरहेको छ । म उसका बारेमा सोचमग्न भएँ । यस घटनाले पनि मेरो मनमस्तिष्कलाई त्यति छोएन । किनकि व्यर्थको विषयमा सोचेर समय बर्बाद किन गर्ने, जसबाट मलाई कुनै मुनाफा भौतिक वा आर्थिक केही हुँदैन भने त्यस विषयमा पनि आज बिल्कुलै नसोच्ने प्रतिबद्धता व्यक्त गरिसकेको छु ।

दान दिन योग्य व्यक्तिलाई भनिन्छ । अब योग्य व्यक्तिको खोजी गरौं र भावनात्मक प्रस्तुतिको वास्तविक

यथार्थतालाई दान दिने विचार गारैं तर त्यो योग्य व्यक्ति को हो ? अर्ती उपदेश सित्तिमा दिने काम पङ्गूले मात्र गर्दछन्, भनिन्छ। तर त्यसो भए मैले कसैलाई योग्य व्यक्ति ठहराएर विचारको दान दिएँ भने उसले त्यो वस्तुको दुरुपयोग गऱ्यो भने व्यर्थै हुन्छ।

म अझै सोच्दै छु, किन सोच्ने सामर्थ्य ममा आएको छैन। सोचनीय शक्ति कलियुगको ईश्वरीय दर्शनजस्तै किन असम्भवप्रायः भएको ? यसलाई कुन शक्तिले ताला मारेको छ ? मेरो शक्ति शिथिल बनिरहेको छ ? म कल्पना गर्छु र प्रतिबद्ध भएर बाल्यकालको यथार्थता छहराको छाँगो छङ्छङाएझैं छ्याल्लब्याल्ल पारिदिउँ कि भन्ने सोच पनि आउँछ तर मेरो बाल्यकालको गथासो र दखासो पोखेर पाठकलाई किन रनभुल्ल पारौं कि यो हरिलठ्ठकले आफ्नै कथासो सुनाएर दिक्क बनायो भन्ने गुनासो सुन्नु पर्ला भन्ने पीरले साह्रै चिन्तित बनायो। त्यसैले मैले बाल्यकालको विषय र प्रसङ्गमा विचारै नगर्ने सोच बनाएँ। कर्ण शाक्यले सोच विषयमा एउटा सिङ्गो पुस्तक लेखेका छन्। त्यही विषयमा विचार पोखिदिउँ भन्ने लालसा नलागेको पनि होइन तर त्यस पुस्तकको अध्ययन गरेर गहिराइमा पसेकै छैनँ। जुन पुस्तकको अध्ययन नै गरेको छैनँ, त्यसमा भएका गम्भीर गहन विचारमा पसरे चोटा-कोठा र बार्दली कसरी चाहारौं यो विषय पनि मेरा लागि सोचनीय मात्र ठहरियो। सोचको विषय बनाउन सकिनँ। त्यसो भए वेद, पुराण र उपनिषद् आदिका विषयमा दार्शनिक विचार पोखिदिउँ त ! आजको अर्थ सङ्कुल दुनियाँमा अतीतका गौरवशाली विषयमा पनि विचार पोख्ने सोच बनाइनँ। अब सोच्दै छु, नेपाली प्रकृतिका विषयमा कनिकि देवकोटाले भनेका थिए- म लेख्दिनँ लेखाउँछ, नेपाली प्रकृतिले। हो, म पनि देवकोटाकै कथनलाई सम्पुष्टि गर्दै दुवै हातले सहीछाप लगाउँछु र आफ्नो अभिमत जाहेर गर्छु किनभने म पनि प्रकृतिलाई वास्तविक रहस्यको केन्द्रभूत शक्ति मान्छु। मलाई लेखाउने शक्ति भनेको नेपाली प्रकृति हो। यही प्रकृतिको दिव्य सौन्दर्य नअटाएर भावपुञ्जका रूपमा अटेसमटेस गर्दै मेरो मन मस्तिष्कबाट विचारका स्वर लहरीहरू प्रकट हुन्छन्। म प्रकृतिलाई सहयोगी एवम् सहकारी तत्त्वको उत्प्रेकका रूपमा लिन्छु र त्यसको आत्मभूत केन्द्रिकताका रूपमा स्वीकार गर्दछु। हो, अहिले बैगुनी भैंसी तऱ्याक तुरुक गरेर पग्रिन लागे झैं मेरो विचार खुल्न खुल्न के आँटेको थियो तर अफसोच नवागन्तुकको प्रवेशले दुर्घटनाबाट जोगाउन चालकले अपर्झट गाडीको ब्रेक लगाएझैं मेरो विचारमा ठिङ्गुरा ठोकियो, त्यही घटना भनौं वा दुर्घटना म यसै भन्ने पक्ष र विचारमा छैनँ। मेरो सोचमा अहिले हठात् पूर्णविराम लागेको छ।

# तंग्राम गाउँ

लक्ष्मी थापा
कक्षा : ९
श्री धारा माध्यमिक विद्यालय, काठेखोला,
तंग्राम, बागलुङ

तंग्राम हो मेरो गाउँ
रमाइलो वस्ती र म जन्मिएको ठाउँ
वरिपरि हरियो जङ्गल बिचैमा गुराँस फुल्ने भिर
भुलेनी र वसन्ताप डाँडा पर्छ हाम्रो शिर ॥

तंग्रामको भूमेथान अनि खोर ताल
वसन्ताप डाँडा चढी हेर्नुस् माछापुच्छ्रे हिमाल
वसन्तापको डाँडापारी पर्छ भुलेनीको वन
घाँसीकुवा अनि पर्छ भुलेनीको थान ॥

कालिज ढुकुर जस्ताको चिरबिर चिरबिर धून सँगै
आफ्नै शिरमा फुलेका ढकमक्क लालीगुराँस थुँगा सँगै
तंग्रामको उच्च शिरमा रही गजक्क परेको छ भुलेनी
कृषि उत्पादन अनि विभिन्न सांस्कृतिक पहिचान पनि ॥
तंग्राम हो मेरो गाउँ
चारैतिर गाउँ वेशी भई फैलिएको ठाउँ ॥



# अद्भूत कुरो

गौतम तिमल्सिना

कक्षा : ९

काष्ठमण्डप बोर्डिङ स्कूल, काठमाडौं

आजभन्दा करिब चौध वर्ष अगाडिको विस्मृतिका गर्नबाट म एउटा अद्भुत लाग्दो घटना सुनाउँदै छु। सायद दरबारी हत्याकाण्डको रात हुन सक्छ। बिहान करिब पाँच बजेको हुँदो हो, मलाई अचम्म लाग्दो अनुभूति भयो । मैले कुनै अप्रिय घटना हुन लाग्यो भन्ने त्रास गरिरहेको थिएँ । त्यसको एकछिन पछि छिमेकीको घरमा टेलिफोन घण्टी बज्यो म त्रासले व्याकुल भएँ।

हो, त्यही बिहान सर, वीरेन्द्रसहित सबै मारिए अरे भनेर एउटी सानी ठिटीले मलाई सम्बोधन गरेर खबर सुनाई, त्यस दिन मलाई बेचैनी, छटपटी र उकुसमुकुसको भाव भयो, म ग्लानि र हीनताबोधको व्याकुल भएँ। लामो समय भयो, मैले बिर्सिएँ, सायद यादव वंशी त्यही ठिटीका बाबुले बेलुका राजा वीरेन्द्र र ऐश्वर्यको शवयात्रा हेर्न जाऔं भने। उनी र म भएर कमलपोखरीनेर गइयो। बेलुकाको समय, शवयात्रासहित अथाह मानवसागर उर्लिए आयो । सुरक्षाकर्मी प्रहरी “आफ्नो ज्यानको रक्षा आफैं गर्नुहोस्” भन्ने सूचनामूलक उर्दी दिँदै गइरेका थिए। यस अवसरमा मलाई दोस्रो आश्चर्यको अनुभूति भइरहेको थियो। बेलुका खाना खान मन पनि लागेन, भोकै सुतें। त्यस दिनेदखि म बिरामी परें।

मानव जीवनमा अनेक प्रकारका घटना, दुर्घटना घट्न सक्छन् । केवल बाँच्नुपर्छ, अनुभूति गर्दै गइन्छ । मलाई अद्भुत रोगले समायो । कानमा झ्याउँकिरी कराएको जस्तै अनुगुञ्जन हुन थाल्यो । देववाणी सुनिएझैं अनेक प्रकारका आवाजहरू मैले सुन्न थालें । अहिले लामो समयको औषधोपचारपछि पूर्ण रूपमा नभए पनि आंशिक रूपमा म स्वस्थ छु। कहिलेकाहीं समयको लामो अन्तरालमा भुलिएको विस्मृत घटना पनि ताजा भएर आउँदो रहेछ। त्यही अद्भुत घटना हो।



*शान्तिको विजय युद्धको विजयभन्दा कम महत्त्वपूर्ण हुँदैन। जोन मिल्टन*

# यात्रा वर्णन

सीता प्रधान
पाटन उच्च मावि
पाटनढोका, ललितपुर

२०७६ फागुन १ गते पाटन उच्च मा.वि. ११ कक्षामा अध्ययनरत विद्यार्थीहरू मनकामनाको दर्शन गर्न जाने योजना बनायौं । वैशाख ११ गते बिहान हामी साथीहरू गोंगबु बसपार्कमा ७:३० बजे भेला भयौं । हाम्रो बस ८ बजे गोंगबुबाट बाहिरियो । कलङ्की पुगेर थानकोट हुँदै नौबिसेबाट पृथ्वी राजमार्गको बाटो भएर त्रिशूली नदीको उर्लदो जलप्रवाहको मनोरम दृश्य र प्राकृतिक छटाको मनग्ये आस्वादन गर्दै हामी मनकामना केबलकार पुग्यौं । तारका लठ्ठामा झुण्ड्याइएको चुम्बकिय बाकसमा चढेर त्रिशूली तरेपछि हामी बसेको केबुलकार भिरालो हुँदै माथितिर तीव्र गतिमा चढ्न थाल्यो । म अल्लि डर लागेर कहालिन थालेको थिएँ । हाम्रो गन्तव्य आइपुगेछ केबुलकार घ्याच्च रोकियो । डाँडाको थुम्कोमा भएको मनकामनाको दर्शन गर्न पाउँदा मेरो मनमस्तिष्क खुशीले आप्लावित भएको थियो । डाँडाको प्राकृतिक मनोरम छटा र मनकामनावासीको उदारमना स्वभावको परिचयले मेरो मन मयूरझैं नाचिरहेको थियो ।

हामी पैदलै मर्स्याङ्दी झर्‍यौ र आँबुखैरेनीमा बास बस्ने तय गर्‍यौं । मेरो मन अझै मानेको थिएन । साथीहरूसँग प्रस्ताव राख्दै मैले भने “यहाँ आइयो, गोरखकाली रबर उद्योग पनि हेरौं न ।” सबको राय मिल्यो, हामीबाट गोरखाको मझुवा खैरेनीस्थित गोरखकाली रबर उद्योग पनि हेरियो र साँझको स्वच्छ हावा पनि खाइयो । यो स्वर्गीय आनन्दले मलाई अपार सुखको अनुभूति भइरहेको छ ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## सहकारी विभाग

### दोहोरो सदस्यता लिएका सहरकारी संस्थाका सदस्यहरुलाई सूचना

सहकारी ऐन, २०४७ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था भएको व्यहोरा बिदितै छ। सहकारी ऐन, २०४७ मिति २०४७ साल कार्तिक १ गतेदेखि जारी भएकोले कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए २०७७ साल अशोज मसान्तभित्रै आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नु हुन अनुरोध छ। सहकारी संस्थाहरूले पनि आफ्ना सदस्यहरूलाई अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्थामिलाउनु हुन सूचित गरिन्छ। अन्यथा कानूनबमोजिम कारबाई गरिने व्यहोरासमेत जानकारी गराइन्छ।

## वन डिभिजन कार्यालय भक्तपुरको अनुरोध

फागुन, चैत्र र वैशाख महिनामा खडेरी तथा सुख्खाका कारण वनजंगलमा आगोलागी भई जैविक विविधताको नोक्सानी हुने प्रवल सम्भावना रहन्छ अतः वन डढेलोबाट अमूल्य वन सम्पदा बचाउन एकजुट भई आगलागी नियन्त्रण कार्यमा नागरिक समाजको सहयोगको अपेक्षा गरिन्छ।

**वन डिभिजन कार्यालय**

भक्तपुर

फोन नं. : ०१-६६३०८११

## डिभिजन वन कार्यालय विराटनगरको अनुरोध

फागुन, चैत्र र वैशाख महिनामा खडेरी तथा सुख्खाका कारण वनजंगलमा आगोलागी भई जैविक विविधताको नोक्सानी हुने प्रवल सम्भावना रहन्छ अतः वन डढेलोबाट अमूल्य वन सम्पदा बचाउन एकजुट भई आगलागी नियन्त्रण कार्यमा नागरिक समाजको सहयोगको अपेक्षा गरिन्छ ।

**डिभिजन वन कार्यालय**
विराटनगर, मोरङ

## टोखा नगरपालिका काठमाडौंको अनुरोध

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोर समेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकुल असर गर्ने हुनाले यस क्षेत्र भित्रका कुनै पनि स्थानमा खुल्लारूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ । आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानुन अनुसार कारबाही हुने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**टोखा नगरपालिका**
काठमाडौं

## ३ नं.वडा कार्यालय मध्यपुर थिमि नगरपालिकाको अनुरोध

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोर समेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकुल असर गर्ने हुनाले यस क्षेत्र भित्रका कुनै पनि स्थानमा खुल्लारूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ। आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानुन अनुसार कारबाही हुने व्यहोरा समेत अनुरोध गरिन्छ।

स्थानीय सरकार
**मध्यपुर थिमि नगरपालिका**
३ नं. वडा कार्यालय, भक्तपुर

# कम्पनीको गोदामबाट बासमती चामल लगायत अन्य खाद्यान्न र फापर तथा सिमी बिक्री भइरहेकोले खरिद गर्नुहुन अनुरोध छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी**

प्रधान कार्यालय, काठमाडौं

०१-४२४८८८३



## ग्लोबल आइएमई बैंक लिमिटेडको

## डेबिट/क्रेडिट कार्ड मार्फत जुनसुकै ATM मेशिनबाट पुनः कारोबार सुचारु भएको सूचना

ग्लोबल आइएमई बैंकको डेबिड (Debit) तथा क्रेडिट (Credit) मार्फत नेपाल र भारतमा रहेका जुनसुकै एटिएम (ATM) मेशिनबाट कारोबार गर्न मिल्ने सेवा पुनः सुचारु भएको जानकारी गराउँदछौं ।

भारतमा यस बैंकको कार्ड प्रयोग गरी प्रति दिन एक वा दुई पटकमा गरी भा.रु. १०,०००/– (दस हजार) सम्म नगद झिक्न सकिने छ।

नेपालमा देशभरी यस बैंकको कार्ड प्रयोग गरी प्रति दिन एक पटकमा रु. २०,०००/– (बिस हजार) गरी ३ पटकमा रु. ६०,०००/– (साठ्ठी हजार) सम्म नगद झिक्न सकिने छ।

यस बैंकबाट जारी गरिएको कार्डहरुद्वारा जुनसुकै बैंकको एटिएम (ATM) मेशिनबाट नगद झिक्न सकिने छ । साथै अन्य बैंकहरुद्वारा जारी गरेको कार्डहरुबाट पनि यस बैंकको एटिएम (ATM) मेशिनहरु मार्फत नगद झिक्न सक्ने सेवाहरु पुनः संचालनमा आइसकेको व्यहोरा समेत जानकारी गराउँदछौं ।

**Global IME Bank**

ग्लोबल आइएमई बैंक लि.

सबैका लागि बैंक

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं । गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं । बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं ।



**Principal**
Akshara School
Kadaghari, Bhaktapur

बालबालिकालाई शैक्षिक अवसरबाट वञ्चित नगरौं । गुणस्तरीय शिक्षाका लागि सूचना र प्रविधिको प्रयोग गरौं । बालबालिकाको वैयक्तिक भिन्नताको सम्मान गरौं ।



**Principal**
Azalea Boarding
Biratnagar-1, Pokharita

**यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र इटहरी सुनसरीको अनुरोध**

- सवारी लाइसेन्स लिएर मात्र गाडी चलाऔं ।
- सवारी लाइसेन्स समयमा नै नवीकरण गरौं ।
- सवारी चलाउँदा मादक पदार्थको सेवन नगरौं ।
- सवारी चलाउँदा मोबाइलमा गफ नगरौं ।
- सवारी चलाउँदा हतार गरेर नचलाऔं ।

**यातायात व्यवस्था कार्यालय**
इटहरी, सुनसरी





## सातवटा फरक छुट्याऊ


# कविता र कवि

शोभा पोखरेल

कथा सम्पत्ति हो कथाकारको
उपन्यास सृजना हो उपन्यासकारको
कविता सम्पत्ति हो कविको

साहित्य भित्रैको एउटा विधा हो कविता
कविकै जेथा, व्यथा, कथाको हो कविता
कविकै नीजि सम्पत्ति हो कविता

कविको भावात्मक सिर्जना हो कविता
कविको स्वच्छ दिमागको उपज हो कविता
कविको राग अनुराग प्रेमिल स्वप्न हो कवि



कविको मुटुको धड्कन हो कविता
कविको निजी सम्पत्ति हो कविता
कविले जन्माएको प्यारो शिशु हो कविता

कविको मन परेकी प्रेयसी हो कविता
कविको ढुकढुकी हो कविता
कविको विवशता हो कविता
कविको लाचारी हो कविता
कविको कमजोरी हो कविता ।

# सामान्य ज्ञान

कृष्णचन्द्र पोखरेल
पोखरा

१. अन्तर्राष्ट्रिय प्राणी दिवस कहिले पर्छ ? - अक्टोबर ३

२. छाडा गाईवस्तु थुन्ने घरलाई के भनिन्छ ? - काञ्जी हाउस

३. पोथी याकलाई के भनिन्छ ? - नाक

४. सेतो रगत प्राणी कुन हो ? - साङ्लो

५. सबैभन्दा बढी बाँच्ने प्राणी कुन हो ? - कछुवा

६. मूर्तिकला र वास्तुकलाको आधार केलाई मानिन्छ ? - चित्रकला

७. पेटमा दात हुने जीव कुन हो ? - गंगटो

८. सेतो रगत हुने प्राणी कुन हो ? - साङ्लो

९. रिसाएको बेला रातो पसिना निकाल्ने जनावर कुन हो ? - गैंडा

१०.टाउकोमा गर्भाधारण हुने जीवन कुन हो ? - उडुस

११. नेपालमा मात्र पाइने चरा कुन हो ? - काँडे भ्याकुर

१२. नेपालको सबैभन्दा ठूलो काठको मन्दिर कुन हो ? - काष्ठमण्डप

१३. मोति र झरना कसका सृजनाहरू हुन् ? - वीरेन्द्र शाह

१४. बुद्धको शरीरका अस्तु पुरिएर बनाइएका स्तुपलाई के भनिन्छ ? - शारीरिक स्तुप

१५. नेपालमा राष्ट्रिय ढलौट संग्रहालय कहाँ रहेको छ ? - हनुमान ढोका दरबार क्षेत्र, काठमाडौं

१६. नेपालको सबैभन्दा सानो मूर्ति कुन हो ? - विश्वरुपको मूर्ति, पाटनको सुन्दरीचोकमा रहेको

१७. संगीतको उत्पत्ति कुन वेद बाट भएको हो ? - सामवेद

१८. पञ्चै बाजामा कुन कुन बाजाहरू पर्दछन् ? - दमाहा, ट्याम्को, सहनाई, झ्याली र ढल्की

१९. विद्युतकापिता भनेर कसलाई चिनिन्छ ? - माइकल फराडे

२०. प्रयोगात्मकविज्ञानका पिता भनेर कसलाई भनिन्छ ? - आर्किमिडिज



प्रार्थना गर्ने ओठभन्दा सेवा गर्ने हात पवित्र हुन्छन् । साइबाबा

# जापानको अन्य देशसित सम्बन्ध

प्रा.डा. शोभा पोखरेल

विभिन्न क्षेत्रमा प्रगति भएको र साथै आन्तरिक स्थिति पनि निकै बलियो भएको मेइजि शासन कालीन जापानले  बेलायत फ्रान्स अमेरिका आदि देशसँग सम्झौता गरी अन्य देशको दाजोमा जापान निकै शक्तिशाली बन्न पुग्यो । मेइजि शासनको पुनर्स्थापनाले गर्दा बीस वर्षभित्र जापान विश्वकै एक शक्तिशाली तथा आधुनिक देश बन्यो । सैनिक तथा औद्योगिक क्षेत्रतर्फ पनि जापान निकै नै उन्नतशील एवं मजबूत देश बन्यो । आर्थिक सामाजिक, सैनिक, शैक्षिक, औद्योगिक सबै क्षेत्रमा जापानले निकै नै उन्नति गऱ्यो । जब जापान एकदम शक्तिशाली बन्यो तब उसले सन १८५८ को सन्धिमा उसले विदेशी राष्ट्रलाई दिएको Extra territorial right को सहुलियत अब हटाउन पाए हुन्थ्यो भनेर निवेदनसमेत हाल्यो । यसरी जापानले १८६८ पछि पाश्चात्य देशको अनुकरण गरेर अत्यधिक शक्तिशाली बन्यो । यसरी पूर्वीय देश जापान पश्चिमी पारामा मोडिन गएर आफूलाई कुनै पनि शक्तिशाली राष्ट्रभन्दा कम  ठानेन अब ऊ दिनप्रतिदिन उन्मत्त र कसैलाई नटेर्ने खालको हुन थाल्यो ।

जापानको राजनीतिक इतिहासमा यो प्रथम चीन जापान युद्ध एउटा महत्त्वपूर्ण युद्ध हो । यस युद्ध एउटा गजबको युद्ध थियो जुन एउटा ठूलो राष्ट्र चीनसित सानो राष्ट्र जापानले गरेको थियो र विजयी पनि जापान नै हुन गएको थियो ।

वास्तवमा जापानको साम्राज्यवादी नीतिले गर्दा नै उसले चीनसित युद्ध लडेको थियो । जापानमा सन १८६८ बाट टोकोगावा शगुनहरूको शासन समाप्ति भएपछि मेइजि रेष्टोरेशन हुन गएको थियो । मेइजी बादशाहहरू १८६८ मा लामो अवधि पश्चात् शक्तिशाली भएर शासन गर्न थालेपछि जापानमा निकै प्रगति, उन्नति आधुनिकीकरण, पश्चिमीकरण आदि हुन गयो जसका बारेमा चर्चा भइसकेको छ ।

जापानको साम्राज्यवादी नीतिले गर्दा नै चीनसित उसले युद्ध गरेको थियो । बजार तथा कच्चा पदार्थको लागि विश्वमा चीन यस्तो एउटा विशाल राष्ट्र थियो जहाँ सबैले आँखा गाडेका थिए । जापानको शाखालिन टापू Sakhalin Island र कुरिल टापू प्गचषभ क्ष्कबिलम मा रुस र जापानको नै अधिकार  थियो । १८७५ मा रुस र जापान बीचमा

एउटा सम्झौता हुन गएको थियो । जसअनुसार दुवै टापू जापानको अधिकारमा रहने व्यवस्था भयो । यसपछि जापानले बिस्तारै बिस्तारै प्रशान्त महासागरमा रहेको बोनिन टापू माथि अधिकार जमायो । जापान के चाहन्थ्यो भने आफ्नो वरिपरिको दीप समूहलाई बिस्तारै बिस्तारै आफ्ना अधिकारमा पारेर जापानलाई बाह्य आक्रमणबाट सुरक्षित राख्न चाहनथ्यो साम्राज्यवादी नीति कै कारणले जापानलाई दक्षिण तर्फको च्थगपग (र्‍युक्यु) टापू पनि लिन चाह्यो । त्यहाँका जनता जापानी थिए भने शासक चाहि वर्षौदेखि आफूलाई चिनिया नै मान्दथे । उनीहरू चिनिया बादशाहलाई उपहार पठाउने गर्थे । सन १८७० मा र्‍युक्युको एउटा जहाज फर्मोसा (ताईवान) को नजिक डुब्यो र त्यस जहाजमा रहेका जापानी यात्रुहरू आफ्नो ज्यान जोगाउनको लागि फर्मोसा पुगे त्यहाँ पुग्नासाथ त्यहाँका बासिन्दाले र्‍युक्युको जहाजको यात्रुहरूको हत्या गरिदिए । यसै हत्याको विषयलाई लिएर जापानले फर्मोसामाथि आक्रमण गर्‍यो र फर्मोसालाई आफ्नो अधिकारमा पार्‍यो । त्यसबखत फर्मोसा चीनको अधिनमा थियो । अतः र्‍युक्युको बासिन्दाहरूको हत्याको क्षतिपूर्ति चीनले दिनुपर्ने भयो ।

जापानले उत्तरमा कुरिल टापू र दक्षिणमा र्‍युक्यु टापूलाई आफ्नो अधिनमा पारेपछि जापानको राजनैतिक स्थिति झन बलियो हुन पुग्यो अब जापानले कोरिया Korea माथि आँखा गाड्न थाल्यो ।

## मुक्तक

दुर्गाकिरण तिवारी

दिन ढलेर के भो सिङ्गो रात छँदै छ प्रिय !
प्रेमभाव बिसाउने मिठो बात छँदै छ प्रिय !!
एक-अर्कामा डुबुँला हामी चुर्लुम्म भै प्रेमले ।
दुःखसुखमा पाउने बलियो साथ छँदै छ प्रिय !!

प्यार बनी तिम्रा ओठमा भजिन सकूँ ।
दिलकी रानी भै तिमीसँगै रत्तिन सकूँ ।।
नमुना होस् हाम्रो माया स्वर्गीय प्रेमको ।
बहार भरी तिम्रो जीवनमा सजिन सकूँ ।।


मेरा लागि कहिल्यै महत्त्व दिएनौ, यही न हो ।
उडायौ मेरा पीडामा चासो लिएनौ, यही न हो ।।
मेरो गल्ती आफ्नै सम्झिरहें, दिलमै सजाइरहेँ ।
पराइको पराइ थियौ मेरै थिएनौ, यही न हो ।।

सपनीमा पहाडबाट ठुलै ढुङ्गा खसेझैं लाग्यो ।
झस्किएछु निद्राभित्रै उनीसँगै बसेझैं लाग्यो ।।
ऐंठन भयो रातभरि निद्रा छैन आँखामा हेर!
बिउँझेपछि मुटुमाझस्कोपसेझैं लाग्यो ।।

# बातावरण प्रदुषण

प्रसिद्धि रेग्मी
डेनेव एकेडेमी, बानेश्वर,काठमाडौं

नेपाल प्रकृतिले सिंगारिएको सुन्दर मुलुक हो । यहाँ प्राकृतिक सभ्यताको सौन्दर्यको विचित्रता पाइन्छ । बढ्दो शहरीकरण र औद्योगीकरण एवम् मानव अज्ञानताका कारण विभिन्न प्रकारको प्रदूषणले यस मुलुकलाई गाँजिरहेको छ। हरियो सुरम्य वातावरण भूक्षय र वन विनाशले उजाड भइरहेको छ। यातायातका साधनले फाल्ने कार्बनडाइ मनोअक्साइडले हरियालीमा धुवाँको जलप लगाएजस्तो देखिन्छ । यात्रुलाई त्यही धुवाँले फोक्सोसम्म पुगेर असर गरिरहेको छ । यसले मानव-प्रकृतिमा नकारात्मक असर गरेको हुनाले श्वास-प्रश्वाससम्बन्धी विभिन्न प्रकारका रोगहरू लाग्ने गरेको पाइन्छ । त्यस्तै औद्योगीकरणका कारण ध्वनिप्रदूषण भएको छ । औद्यागिक क्षेत्रमा सुनिने कर्कश ध्वनिले मानव मस्तिष्कमा नकारात्मक असर परेको देखिन्छ। त्यस्तै अनुपयुक्त वस्तुलाई जथाभावी फाल्दा जमिनमा प्रदूषण बढेको छ । जथाभावी सिसाका टुक्रा, प्लाष्टिकका झोला, फलफूलका बोक्रा फाल्दा मान्छेले सास्ती भोग्नु परेको यथार्थ जो कोहीले भोगेको वास्तविकता ठहरिन्छ। यसर्थ ध्वनि, जल, भूमि, वायु चारैतिर प्रदूषणको प्रभाव नकारात्मक रूपमा परेको ध्रुव सत्य कसैका आँखाबाट ओझेल परेको छैन । अब हामी पनि वा वतावरण प्रदूषण रोक्न सचेष्ट हुने हो कि ! यसतर्फ समयमै सोच्नु पर्ने भएको छ।



**नागरिक लगानी कोषद्वारा सञ्चालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं**

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९.५ प्रतिशत व्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्लायट/घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा रु. ४० लाखसम्म कर्जा दिन सकिने ।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्यु भएमा १ लाख सम्मको दुर्घटना बिमाको व्यवस्था भएको ।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर/जग्गा धितो राखेर सरल कर्जाको रूपमा सहभागीको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैया सम्म वार्षिक १०।०० प्रतिशत व्याजमा लिन पाइने ।
- वचत गरेको २ आ.ब पछि वचत रकमको ८० प्रतिशत सापटी लिम्दा वार्षिक ९ प्रतिशत व्याजदर लाग्ने
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं ।
पोष्ट बक्स नं. ५८२३
फोनः ०१-४७८५३१९, ०१-४७८५३३५
फ्याक्सः ०१४७८४९४५
ई-मेलः info@nlk.org.np वेभसाइटः www.nlk.org.np

## सडक डिभिजन कार्यालय विराटनगरको अनुरोध

- सडक हामी सबैको साझा सम्पत्ति हो । संरक्षण गरौं ।
- सडक सीमाभित्र यातायात आवागमन एवं ट्राफिक सुरक्षामा बाधा हुने र सार्वजनिक हित प्रतिकूल हुने कुन कार्य नगरौं ।
- सडक तथा नालीमा जथाभावी फोहोर नगरौं ।
- सडकछेउको पेटीमा निर्माण सामाग्रीहरु लगायत अन्य वस्तुहरू नराखौं ।
- राजमार्ग, सहायक राजमार्गमा बालबच्चा र पाल्तु जनावरहरू जथाभावी नछोडौं ।

**सडक डिभिजन कार्यालय**
इटहरी, सुनसरी

## यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र भैरहवा, रुपन्देहीको अनुरोध

- सवारी लाइसेन्स लिएर मात्र गाडी चलाऔं ।
- सवारी लाइसेन्स समयमा नै नवीकरण गरौं ।
- सवारी चलाउँदा मादक पदार्थको सेवन नगरौं ।
- सवारी चलाउँदा मोबाइलमा गफ नगरौं ।
- सवारी चलाउँदा हतार गरेर नचलाऔं ।

**यातायात व्यवस्था कार्यालय**
विराटनगर, मोरङ

# उड् उड् उड् अब उड्

कृष्णशरण उपाध्याय

ए पन्छी ! उडिदे न त्यो गगन मा, हेरून् तँलाई सब
छत्री झैं खुलिदे न त्यो पवन मा, छाया लिऊन् है सब
इच्छाशक्ति लगान एक गरिदे, उद्देश्य भेट्ने भए
सारा सास उडान बीच भरिदे, त्यो प्यास मेट्ने भए

छाती भित्र विशाल चिन्तन सँगै, आकाश बोकी तँ उड्
आँखा भित्र अनन्त जीवन सँगै, विश्वास बोकी तँ उड्
निल्ने हो हर धूमकेतु खतरा, सङ्घर्षशाली हुँदै
ए पन्छी ! यमराज जित्नुछ भने, निस्श्वास रोकी तँ उड्

भित्री संशय त्यागिदे गगन को, तारा छुने हो भने
आत्मा को भय फालिदे अवनि को, तारा हुने हो भने
तेरो भव्य अठोट मा वर दिनन्, ती देवता ले पनि
यी भूगोल-खगोल ले बल दिनन्, शाखा-लता ले पनि

ए पन्छी ! उडिदे न त्यो गगन मा, हेरून् तँलाई सब
छत्री झैं खुलिदे न त्यो पवन मा, छाया लिऊन् है सब
इच्छाशक्ति लगान एक गरिदे, उद्देश्य भेट्ने भए
सारा सास उडान बीच भरिदे, त्यो प्यास मेट्ने भए

तेरो होस् अनिरुद्ध वेग नभ मा, नक्षत्र जोड्ने तँ बन्
अन्धो रूढि विरुद्ध का अति कडा, चट्टान फोड्ने तँ बन्
तैंले सिक्नु छ यो उडान सँग नै, झन् ऊर्ध्वगामी हुन
तैंले जान्नु छ आज को समय मा, झन् अग्रगामी हुन

काला बादल विघ्न का जति हुनन्, चिर्दै तँ उड् ए चरी
आगो वज्र र चड्कनी पनि हुनन्, छिर्दै तँ बढ् ए चरी
धक्का दे युग मोडिदे प्रविधि का, प्राप्तव्य ती पाइदे
उड् उड् उड् अब उड् उँचाइ छुन उड्, गन्तव्य भेट्टाइदे

छन्द : शार्दूलविक्रीडित

## गाउँखाने कथाहरू

अञ्जना दाहाल,
महोत्तरी

१. देवलजस्तो छ, देवल होइन, चार मुख छ, देउता होइन, बोल्छ मान्छे होइन के हो ?
२. देख्नलाई राम्रो खान लाग्यो चाम्रो के हो ?
३. सानी सानी सुकुमाई घ्याम्पाजस्त्रो पेट, कहाँ बसी मोटाइस् ? भीर पहरालेख के हो ?
४.जान्छ जान्छ फर्कन मान्दैन के हो ?
५. चोर्छ चो होइन, गुफामा बस्छ बाघ होइन, पुलिसले लखेट्छ मान्छे होइन के हो ?
६. डोरीको चुल्ठो डोरीकै कान, थाप्लामा राखी गर्छन् मान मान के हो ?
७.एकभाइ जान्छ सय भाइ आउँ के हो ?
८. आकाशमै हिड्छ सधै आकाशमै छ घर, मानिसको जन्म मृत्यु उसैको छ भर ? के हो ?
९. पानीभित्र जन्म भयो पानीभित्रै बस्छु पानी बाहिर रह्यो भने आफैलाई नास्छु के हो ?

१. घण्टाघर, २. च्याउँ, ३.किर्नु किरा, ४. ढुङ्गा फालेको, ५. मुसो, ६. नाम्लो, ७. मकै, ८. सूर्य, ९. माछा

## नेपाली शब्द–माला

| शब्द | अर्थ |
|---|---|
| अङ्कुशञ | रोक, नियन्त्रण, प्रतिबन्ध, दमन |
| अङ्ग | भाग, अंश, विभाग, शरीर, अवयव। |
| अचल | नचल्ने, अडिग |
| अचुक | कहिल्यै खेर नजाने, नचुक्ने, फरक नपर्ने। |
| अच्युत | कुनै कुरामा नचुकेको |
| अटल | अडिग, स्थिर, आफ्नो सिद्धान्तबाट नहटेको। |
| अट्टहास | ठूलो स्वरको हाँसो, खित्का छोडेको हाँसो |
| अडिग रहनु | प्रतिबद्ध हुनु, स्थिर रहनु, नहल्ली बस्नु। |
| अतिथि | पाहुना, आगन्तुक, अभ्यागत। |
| अतिरिक्त | बाहेक |

# एकादशी बालुन

डा. मुकुन्द पथिक
अध्यक्ष, मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान

नेपाली बालुन लोक साहित्य हो । यसलाई लोककाव्य र लोक नाटकका रूपमा पनि लिइन्छ । यसलाई मुल गुरुले बाचन गरेपछि त्यसका गर्राहरूले अभिनयका साथ प्रस्तुत गर्छन् । बालुने गर्राहरूको सङ्ख्याको आधारमा धेरै जसो एकातर्फ चार जना र अर्को तर्फ पनि चार जना गर्रा भाइहरू उत्सुकता पूर्वक सहभागी हुन्छन् । परम्परागत रूपमा मुल गुरु र गर्रा भाइहरूले सेतो फेटा, दौरा सुरुवाल, इष्टकोट, पटुका र जुत्ता लगाएर बालुन प्रस्तुत गर्छन् । तर हिजोआज फेटा लगाउने चलन बिस्तारै बिस्तारै हराउँदै गएको देखिन्छ । लमजुङको करापुटार र भोर्लेटारमा हिजोआज पनि फेटा लगाएर बालुन प्रस्तुत गर्ने प्रचलन रहेको पाइन्छ ।

बालुन नेपाली लोकजीवनमा




लडाइमा हारिन्छ कि भनेर डराउनेले स्वतः हार्नुपर्दछ । -नेपोलियन

परम्परागत रूपमा चल्दै आएको देखिन्छ । नेपालका पूर्वी जिल्लाहरू लाप्लेजुङ, तेरथुमदेखि काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, चितवन, पश्चिामाञ्चलका जिल्लाहरू लमजुङ, तनहुँ, गोरखा, कास्की, पाल्पा, रुपन्देहीका साथै मध्य पश्चिम र सुदूर पश्चिममा पनि बालुनको प्रचलन रहेको पाइन्छ। बालुन छेत्री बाहुनहरूले मात्र प्रस्तुत गर्छन् भन्ने धारणा हिजोआज बिस्तारै मेटिंदै जान थालेको छ। किनभने अन्य जातिका लोक कलाकार हरूले पनि बालुन प्रस्तुत गर्ने तरिका सिकेर यसमा सहभागिता जनाउँदै आएका छन्। तसर्थ जनजातिका मानिसहरूले पनि यसलाई निरन्तरता दिंदै आएका छन्।

बालुनले नेपाली लोक संस्कृतिलाई जोगाउने काम गरेको छ। यसले लोक जनजीवनलाई धार्मिक भावना प्रति ओतप्रोत हुन अभिप्रेरित गरेको पाइन्छ। ईश्वर प्रति आस्था जगाउन, नैतिक पक्षमा जोड दिन र नेपाली संस्कारको व्याप्तीमा यसले विशेष ध्यान दिएको देखिन्छ।

नेपालमा बालुन धेरै किसिमका पाइन्छन् । रामायण बालुन, राम भारत बालुन, सीता भारत बालुन, कृष्णचरित्र बालुन, दशावतार बालुन, जैमिनी भारत बालुन, सावित्री सत्यवान् बालुन, एकादेशी बालुन र अन्य फुटकर बालुनहरू पनि भएको पाइन्छ।



# आमा

दिकी शेर्पा

काभ्रे

आमाको साथ छैन मलाई
दोबाटोमा कुरेको जीवन भो
साहारा कसैको छैन मलाई
जीवन आँसुको बगर भो

धेरै साँचेको थिएँ सपनाहरु
आमाको माया अधुरो भो
जीवन कथा लेख्ने चाहनाहरु
आँसुको बगर  सरी भो

शिक्षा दिने कोही छैन
जीवन सधैं अध्यारो भो
आमाले दिने साथ छैन
जीवन व्यथाले भरिने भो



# जीवन

लङ्के खत्री
चितवन

जीवन के हो ? भन्थे म
जीवन त अधुरो कथा रहेछ
माया के हो ? भन्थे म
माया त मुटुको व्यथा रहेछ

सपना के हो ? भन्थे म
सपना त अधुरो चाहना रहेछ
हाँसो के हो भन्थे म
हाँसो त रोदन रहेछ

महलको बास रोज्नुभन्दा
गरिबको हात रोज्नु राम्रो
अधिकार खोज्नुभन्दा
कर्तव्यलाई रोज्नु राम्रो

सहरको बास रोज्नु भन्दा
भैंसीलाई घाँस रोज्नु राम्रो
आधुनिक पहिरन रोज्नु भन्दा
फरिया चोली रोज्नु राम्रो



# हाम्रा चराचुरुङ्गी

कृष्णचन्द्र पोखेल

आवासनगर, लेखनाथ कास्की

कोइली चरी कुहूँ कुहूँ गरी कराउँछन् ।
स्वर सुन्दा केटाकेटी औधी रमाउँछन् ।
डाँफे मुनाल हिमालमा खुशी हुँदै नाच्छन्
हिमालको स्वच्छ हावा खाँदै तिनी बाँच्छन् ।
भंगेराको चिरबिर स्वर सधैं मीठो लाग्छ
चील, गिद्ध परेवाले आकाश नै ढाक्छ ।
धूर्त हुन्छ बाज चरो दुष्ट चरित्रको
ढुकुरकुर गर्ने ढुकुर हुन्छ पवित्र त्यो ।
न्याउली चरी कराउँदा मनै उराठ लाग्छ
गोलसिमलको स्वर सुन्दा मेरो डर भाग्छ ।
बकुल्लाले ध्यान भक्तिभाव जगाई
गौधलीले रक्षा गर्छ घर गुँड लगाई ।
उलुलुलु गरी बस्छ लाटो कोसेरोले
प्वाल पारी गुँड बनाउँछ चरो कविताले ।
समूहमा झुण्ड बनाई उड्छन् सुगा चरा
अन्न बाली सखाप पार्दै मास्छन् तिनले जरा ।



अनेक थरी चराहरू बयान कति गर्ने
तिनको बयान गर्न पनि नाम जान्नु पर्ने
मानु हुन्न हाम्ले तिनलाई रक्षा गर्नुपर्छ
हत्या, हिंसा तर्फ लाग्दा मानवता हट्छ ।

# बालसिर्जना मासिक

## शब्द जाल प्रतियोगिता

रामायणका १० ओटा पात्रको नाम पत्ता लगाऊ

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सि | ता | क | प | भ | ना | रा |
| स | म | द | श | र | थ | म |
| मा | ण्ड | वी | त्रु | त | सु | ह |
| ज | ल | वि | घ्न | त | र | नु |
| न | क्ष्म | भि | वी | र | सा | मा |
| क | ण | ष | ज | टा | यु | न |
| रा | व | ण | सु | ग्रि | व | व |

**नियम** :

१. यसमा उल्टो-सुल्टो, तल-माथि, ठाडो-तेर्सो अक्षरबाट मिलाऊ ।

२. एउटाको उत्तर यहीं दिइएको छ ।

**(शब्दजाल प्रतियोगिताको सही उत्तर मिलाउनेलाई आकर्षक पुरस्कार दिइनेछ ।**

**बालसिर्जना मासिक शब्दजाल कुपन**

नाम :　　　　　　कक्षा :

विद्यालय :

जिल्ला :

(आइपुगनुपर्ने अन्तिम मिति २०७६ चैत १५ सम्म)

## कोठेपद प्रतियोगिता नं. १०२ को सहि उत्तर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भ | ग | वा | न | र | भ | क्षी |
| ला | मा | धा | मी | जा | सि | लो |
| दृमी | र | गी | ठो | इँ | पा | हा |
| र | ह | र | ण | ब | लु | र |
| मि | नी | ब | स | र | ल | सि |
| ता | सा | र | ङ्गी | न | सा | लो |
| मा | द | ल | त | ल | ह | रा |

प्रतियोगिता नं. १०२ मा जम्मा ३ जनाले उत्तर पठाएकोमा १ जनाको मात्रै सही उत्तर प्राप्त भयो । यीमध्ये गोला प्रथाबाट एकजनाको छनौट गरिएको छ । पुरस्कृत हुने विद्यार्थीले २०७६ माघ मसान्तसम्ममा आफ्नो परिचयपत्रसहित बालसिर्जना मासिकको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**पुरस्कृत हुने नाम, ठेगाना यस प्रकार छ ।**

नामः- कृष्णहरि चापागाई

कक्षाः- ८

स्कूलः- जलदेवी मा.वि, तनहुँ

# बालसिर्जना मासिक
## कोठेपद प्रतियोगिता नं. १०४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | ८ | ९ | | १० | |
| | | | | ११ | | १२ |
| १३ | १४ | १५ | | १६ | १७ | |
| १८ | | | १९ | | | २० |
| २१ | | | २२ | | | |
| २३ | | २४ | | २५ | | |

१. कोठेपद कुपन सहित पठाउनु पर्नेछ।
२. फोटोकपीलाई मान्यता दिईने छैन।
३. स्कूलका विद्यार्थी सहभागी हुन पाउनेछन्।
४. केरमेट भएको कुपन स्वीकार गरिने छैन।
५. पुरस्कार लिन आउँदा परिचय पत्र अनिवार्य छ।
६. पुरस्कार सम्बन्धी निर्णय बालसिर्जनाले गर्नेछ।

**कोठेपद कुपन**

नाम : कक्षा :

विद्यालय :

जिल्ला :

ठाडो

१, बबर शमशेरको दरबार ५
२, गणेशको एउटा नाम ४
३, लंकाका राजा ३
६, सोधपुछको उत्तर ३
७, आँखा ३
९, पात्र ३
१०, जहाज २
११, पाकिस्तानको ठूलो शहर ३
१२, नयाँ ३
१३, दरबार ३
१७, खेती गर्ने मान्छे ३
१८, समाधान २
१९, आँखा ३
२०, ठूलो कुलो ३

तेर्सो

१, कृष्णका दाइ ४
४, मौरीले जम्मा गरेको रसिलो वस्तु २
५, अग्निमा गरिने समर्पण ३
८, वाणी ३
११, वन ३
१४, फलफूलको तरल पदार्थ २
१६, फूलको गुच्छा २
१८, रामका भक्त ४
२१, रामका भाइ ३
२२, मुसलवान ३
२३, कपडा राख्ने ठाडो बाकस ३
२४, जनकको राजधानी ५
२५, हावामा उड्ने वास्नादार वस्तु ३